नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सङ्घीय मामिला शाखा
सिंहदरबार, काठमाडौं ।

प.सं.२०८२/०८३
च.नं. ८६

मिति २०८२/०९/१७
११४६ पोहेलाथ्व

बिषयः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुन कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह(सबै)

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम यस मन्त्रालयबाट तयार गरी उपलब्ध गराईएको "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" नमूना कानून प.सं. २०८२/०८३, च.नं. ४१ मिति २०८२।०८।०३ को पत्रसहित पठाईएको छ। संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ को उपदफा (१) बमोजिमको यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत रहेको विषयगत समितिको मिति २०८२।०९।०२ को बैठकको ८ (ख) मा "हालै मन्त्रालयले तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट स्वीकृत गराई पठाईएको स्थानीय तहको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नमूना ऐन आवश्यक परिमार्जनसहित यसै महिना बस्ने सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने" निर्णय भएकोले सोही अनुसार सभाबाट स्वीकृत गराई जानकारी पठाउनु हुन आदेशानुसार अनुरोध छ।

२०८२/०९/१७
(हरिप्रसाद पौडेल)
शाखा अधिकृत

श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारः- सम्बन्धित स्थानीय तहको Portal र मन्त्रालयको website मा upload गरिदिनु हुन।

फोन: ४२००२८६, email: federal.affairs1@gmail.com, वेबसाइट: www.mofaga.gov.np